नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २०१ २०७८ साल फागुन २८ गते शनिबार (12 Mar. 2022 Saturday) मूल्य रु. ५/-

बजारमा वस्तु तथा सेवाको मूल्य र गुणस्तरमा शंका लागेमा बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा सहायक प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहका निरीक्षण अधिकृतलाई जानकारी गराऔं, स्वच्छ बजार सञ्चालनमा मद्दत पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : मिथिलाञ्चलमा लोप ... ३ पृष्ठमा : तराई मधेशमा महङ्गी ... ३ पृष्ठमा : युक्रेनमा युद्ध प्रभावितलाई ...

## एक पटक मात्र जनता सेवा गर्ने अवसर दिनुस् : डा सीके राउत




**दैनिक समाचारदाता**
**राजविराज, २७ फागुन ।**

जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले एक पटक मात्र जनता सेवा गर्ने अवसर दिन आग्रह गरेका छन् ।

सप्तरीको महदेवा गाउँपालकि ३ बथनाहामा सो पार्टीद्वारा शुक्रबार आयोजना गरिएको आमसभालाई सम्बोधन गर्दै उनले उक्त आग्रह गरेका हुन् ।

"७० वर्षदेखी वभिन्नि पार्टीलाई अवसर दिदै आएकोमा एक पटक मात्र जनमतलाई जनता सेवा गर्ने अवसर दिनुस् ।" सभालाई सम्बोधन गर्दै उनले भने, "जनमत पार्टीले जनताराज, प्रत्यक्ष लोकतन्त्र, सामुदायिक समाजवाद अन्तर्गत गासबास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीलगायतका कार्यहरुको व्यवस्था सुनिश्चित गर्नेछ ।"

नेपालको उत्तर र दक्षिण दुवै तर्फका सीमानाकाबाट पटक पटक जनता प्रताडित हुने गर्दा समेत समाधानका लागी जनताले भोट दिएर पठाएका काग्रेस, कम्युनिष्ट, जसपा, लोसपा लगायतका सरकार पनि उतैको झुकावमा पर्ने गरेको आरोप समेत लगाए ।

अध्यक्ष राउतले राजाको शासन, राणाको शासन, प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र आएपनि जनताले यातना भोग्दै आएका कारण देशमा जनताराज ल्याउने जनमत पार्टीको प्रमुख उद्देश्य रहेको बताए । चुनावमा पैसा लिएर मतदान नगर्न आग्रह गर्दै उनले अधिकारका लागि विना पैसा लिएर मतदान गर्न अपील गरे ।

जनमत पार्टी महदेवा गाउँपालिकाका अध्यक्ष कुन्दन राउतको अध्यक्षतामा आयोजित आमसभामा केन्द्रयि उपमहासचिव ई. इन्द्रजति यादव, कोषाध्यक्ष ई. सुरेन्द्र नारायण यादव, जनमत महिला संघकी सयोंजक शुशिला यादव, नेता अनिस अंसारीलगायतकाले मन्तव्य व्यक्त गर्नुका साथै कार्यक्रम सञ्चालन पार्टीका जिल्ला सचिव थानेश्वर प्रसाद साहले गरेका थिए ।

## लिलामी नहुँदा भन्सार कार्यालयमै थन्किएको सवारीसाधन सड्न थाले



**दैनिक समाचारदाता**
**राजविराज, २७ फागुन ।**

राजविराज भन्सार कार्यालयमा राखिएको अवैध सवारीसाधनहरु लिलामी नहुँदा त्यही सड्न थालेको छ ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकास्थित राजविराज भन्सार कार्यालयमा २०६८ सालदेखी हालसम्म राखिएको ती अवैध सवारीसाधनहरु लिलामी नहुँदा खिया लागेर सड्ने अवस्थामा पुगेका छन् ।

भन्सार कार्यालयका प्रमुख दिपेन्द्र झाले लिलामी हुन नसक्दा ती सवारीसाधनका कारण भन्सार कार्यालयलाई ठाउँको समेत अभाव हुन थालेको जानकारी दिएका छन् । उनले वर्षायाममा बाढीको पानीमा डुबेर समेत सवारीसाधन सड्न थालेपछि राजश्वमा पनि नोक्सानी हुने अवस्था उत्पन्न भएको बताए ।

कार्यालय प्रमुख झाले आफू तीन महिना अघि मात्र सरुवा भई आएको बताउँदै लिलामीका लागि पठाइएका सवारीसाधनको विवरण तयार पार्न लागेको जानकारी दिएका छन् ।

उनले लामो समयदेखी राखिएका ती सवारीसाधन मध्ये कतिपयको इन्जिन र चेसिस नम्बर प्रष्ट बुझिने अवस्था नरहेको बताउँदै लहानस्थित यातायात कार्यालयबाट प्राविधीक ल्याएर भएपनि ती सवारीसाधनको पहिचान गर्ने काममा लागिपरेको बताए ।

यता वर्षायाममा भन्सार कार्यालय परिसर पनि डुबानमा पर्ने हुँदा लिलामीका लागि पठाइएका सवारीसाधनको सुरक्षा र व्यवस्थापन गर्न झन समस्या भएको भन्सारका कर्मचारीहरुको भनाई छ ।

प्रहरीले चेकजाचको क्रममा नियन्त्रणमा लिएका अवैध सवारीसाधन भन्सार कार्यालयमा बुझाउने गरेको छ । अवैध सवारीसाधन भन्सार कार्यालयमा बुझाएपनि कतिपय सवारीसाधनको हकमा मुद्दा समयमै फैसला नहुँदा र फैसला भइसकेका मुद्दाका सवारीसाधनको पनि विगतका प्रमुखहरुले समयमै भेरिफाई ( पहिचान) गर्ने काम गर्न नसक्दा लिलामी प्रक्रियामा ढिलाई भएको भन्सार कार्यालयका कर्मचारीहरुको भनाई छ ।

मुद्दाको फैसला र प्राविधिकले सवारीसाधनको पहिचान गरिसकेपछि मुल्याङ्कन समितिले तिनको मुल्याङ्कन गरि मुल्य निर्धारण गरेपछि विज्ञापन मार्फत लिलामी प्रक्रिया अघि बढाउने कानुनी व्यवस्था रहेको राजविराज भन्सार कार्यालयले जनाएको छ ।

## ७९ दल दर्ता, १६ देखि ६० लहरसम्मका मतपत्र

काठमाडौँ, २७ फागुन (रासस) ।

आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनमा ७९ राजनीतिक दलले प्रतिस्पर्धा गर्ने भएका छन् ।

स्थानीय निर्वाचन प्रयोजनका लागि निवेदन दिएका मध्ये ७९ दल दर्ता भएको निर्वाचन आयोगले जानकारी दिएको हो ।

आयोगले एक करोड ७८ लाख ३४ हजार ७६५ मतदाताको नामावली तयार गरी स्थानीय तहको सबै वडामा फागुन १९ गते अद्यावधिक(दावी विरोध)का लागि सूचना टाँस गरिएको जानकारी दिएको छ ।

**कम र बढी मतदाता**

आयोगका अनुसार, सबैभन्दा बढी मोरङमा सात लाख १७ हजार ६७ मतदाता छन् भने सबैभन्दा कम मनाङमा छ हजार ५७१ रहेको छ ।

सबैभन्दा कम ४५० मतदाता भएको स्थानीय तह मनाङको नार्पाभूमि हो भने काठमाडौँ महानगरपालिका सबैभन्दा बढी तीन लाख ५८७ मतदाता भएको स्थानीय तह हो ।

आयोगले स्थानीय तह निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित बनाउने सन्दर्भमा तीन तहकै सरकारलाई निर्वाचनसम्बन्धी कार्यमा आवश्यक सहयोग, सहकार्य, समन्वय र तयारीका लागि २४ विषय समावेश गरी निर्देशन हुन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलाई लेखी पठाएको छ । आयोगले निर्वाचनमा खटिने जनशक्तिका लागि रु २० लाख बराबरको सामूहिक दुर्घटना बीमा स्वीकृत भएको जानकारी दियो ।

आयोगले विगतका निर्वाचनमा प्रयोग भएका मतपत्रलाई आधार मानी विभिन्न जिल्लामा १६ देखि ६० लहरसम्मको मतपत्रको अनुमान गरिएको राजनीतिक दललाई शुक्रबार अन्तरक्रियाका क्रममा जानकारी गराएको छ ।

आयोगका अनुसार, १६ लहरको ११ जिल्ला, १८ लहरको छ जिल्ला, २० लहरको १३ जिल्ला, २४ लहरको १४ जिल्ला, २८ लहरको १२ जिल्ला, ३३ लहरको ११ जिल्ला, ४० लहरको सात जिल्ला, ४४ लहरको एक जिल्ला, ५० लहरको एक जिल्ला र ६० लहरको एक जिल्लाका लागि मतपत्र अनुमान गरिएको छ ।

निर्वाचन कार्यतालिका अनुसार, निर्वाचनमा उम्मेदवारको अन्तिम नामावली प्रकाशनपछि मतपत्र छपाइ कार्य गर्न सम्भव नभएकाले आगामी चैत १६ देखि वैशाख २० गतेसम्म मतपत्र छपाइ गरी मुख्य निर्वाचन कार्यालयमा पठाइ सक्ने जानकारी दिइयो ।

**समितिको सुझावमा हरियो रङ्गको चुनाव चिह्न**

प्राविधिक समितिले दिएको सुझावका आधारमा आगामी स्थानीय तह निर्वाचनमा सेतो कागजमा हरियो रङ्गको निर्वाचन चिह्न र विवरण छपाइ गर्न आवश्यक प्रक्रिया अघि बढाइएको पनि आयोगले स्पष्ट पारेको छ ।

आसन्न निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, बिश्वसनीय र मितव्ययी तुल्याउने वातावरण तयार गर्न मतदानको महत्व, मतदान गर्ने तरिकालगायतका विषयमा मतदातालाई सुसूचित गर्ने पहलका लागि सहयोग पुऱ्याउन आयोगले राजनीतिक दलसँग अपेक्षा गरेको छ । निर्वाचन आचार संहिता पालनामा राजनीतिक दलको महत्वपूर्ण भूमिका रहने जनाउँदै आयोगले निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्ने सिलसिलामा सुझाव र पृष्ठपोषण प्राप्त हुने अपेक्षा गरेको छ ।

## दश वर्षअघि बालिका बलात्कार गरि फरार ५३ वर्षिय बलात्कारी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २७ फागुन ।**

एक १२ वर्षिया बालिकाको दश वर्षअघि बलात्कार गरि फरार भएका ५३ वर्षिय व्यक्ति पक्राउ परेका छन् ।

सप्तरीको साबिक कमलपुर गाविस हाल सप्तकोशी नगरपालिकाकी ती बालिकालाई बलात्कार गरि फरार रहेका स्थानिय ५३ वर्षिय जगदिश यादव पक्राउ परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

आरोपितले शौचालयका लागि निस्केका बेला २०६८ साल जेष्ठ २७ गते राती १२



वर्षिया बालिकाको बलात्कार गरेको प्रहरीको भनाई छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले २०६८ साल चैत १ गते जबरजस्तीकरणी मुद्दामा सुनुवाई गर्दै उनलाई सप्तरी जिल्ला अदालतले ६ वर्ष कैद सजायको फैसला सुनाएको थियो । २०७१ साल बैशाख २९ गते तत्कालिन पुनरावेदन अदालत राजविराजले पनि सो फैसला कायम रहने ठहर गरेको थियो ।

घरमै लुकिछिपी बसिरहेको गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय कंचनपुरबाट खटेको टोलीले उनलाई बिहीबार पक्राउ गरेको हो ।

पक्राउ परेका यादवलाई सप्तरी जिल्ला अदालतमा उपस्थित गराएपछि आदेसानुसार कैद भुक्तानका लागि राजविराज कागार चलान गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## सम्पादकीय ....

# यातायातको सेवा कार्यालय खोल्ने निर्णय स्वागतयोग्य

मधेश प्रदेश सरकारले यातायात व्यवस्था सेवा कार्यालय राजविराजमा स्थापना गर्ने निर्णय गरेको छ । गत मंगलबार मन्त्रीपरिषद्को बैठकले राजविराजमा यातायात व्यवस्था सेवा कार्यालय स्थापना गर्ने निर्णय गरेको हो । हाल सप्तरी जिल्लामा यातायात व्यवस्था कार्यालय नहुँदा सेवाग्राहीलाई निकै समस्या हुने गरेको छ । सप्तरीका जनता सवारी चलाउने अनुमति पत्र लिन र सो पत्र भएकाहरु नविकरण गराउन सिरहाको लहान पुग्नु पर्ने बाध्यता रहेको छ । सेवाग्राहीको अत्याधिक चाप हुने गरेकाले दिनभर कामकाज छोडेर आफ्नो काम गराउनु पर्ने बाध्यता रहेको छ ।

विगतमा सप्तरी सदरमुकाम राजविराजमै रहेको सो कार्यालय हाल सरेर लहानमा रहेको छ । यहाँका जनताले सवारीसाधन चलाउने अनुमति पत्र नविकरण गराउन आफ्नो कामधन्दा छोडेर दिनभरी लहान जानु पर्दा पनि एकदिनमै काम सम्पन्न हुने कुनै ग्यारेन्टी हुदैन् । अब पुन: सप्तरी आउने तयारीमा रहेको कार्यालयका कारण सप्तरीवासी लहान जाने झन्झटबाट मुक्त हुनेछन् ।

तसर्थ जनताको समस्यालाई मध्यनजर गर्दै यातायात कार्यालयको शाखा कार्यालय स्थापना गर्ने निर्णयका कारण सप्तरीवासी निकै खुशी छन् भने उक्त निर्णय स्वागतयोग्य रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मिथिलाञ्चलमा लोप हुँदै होली गीत: जोगिरा सरररर...

**अजयकुमार साह**
धनुषा, २७ फागुन (रासस) :

'कौन तालपर ढोलक बाजे
कौन ताल मृदङ्ग ?
कौन तालपर गोरिया नाचे
कौन तालपर हम ?
जोगिरा सर र र र !'

मिथिलाञ्चलमा गाइने यस प्रकारको जोगिराले होली पर्व खेल्नेहरुबीच सद्भाव, माया र उत्साहका साथै उर्जाको सन्देश सञ्चार हुने गर्ने गर्छ । होली पर्व र सङ्गीतबीच गहिरो सम्बन्ध हुन्छ । सङ्गीत बिनाको होलीको परिकल्पना नै गर्न सकिदैन । तर पछिल्लो समय होलीको पौराणिकता विस्तारै हराउँदै गएको छ । पहिलेजस्तो होलीमा कथा, व्यथा तथा व्यङ्ग्यात्मक गीत सुन्न विरलै पाइन्छ । "मृदङ्ग, ढोलसँगै डम्फुको स्वर पनि हराउन थालिसक्यो", जनकपुरधामका कैलाशप्रसाद महतोले भन्नुभयो, "होलीको तर्क, दर्शनलाई गम्भीरतापूर्वक नलिइएकाले अबको सहरमुखी होलीले मौलिकता हराउँदै गएको छ ।"

फागुको बेला यस्ता गीतले सारा गाउँघर गुन्जाएका हुन्थ्यो तर अहिले गीत, ढोल, मृदङ्ग र डम्फूको स्वर बिरलै सुन्न पाइने गरेको उहाँको भनाइ छ । "वसन्त ऋतुको आगमनसँगै श्रीपञ्चमीदेखि फागु पूर्णिमासम्म गाइने फागु गीत लोप हुन थालेकामा खल्लो लाग्छ", उहाँले भन्नुभयो, "उहिले गीत गाएरै फागु आएको सङ्केत गरिन्थ्यो, अब न ढोल, मृदङ्ग नै बज्छन्, न त फागुगीत नै गुञ्जिन्छन् ।"

पहिलेपहिले त गाउँको बीचमा रहेको ब्रह्मस्थानमा गाउँका सबै बसेर रातिसम्म जोगिरा गाइने गरेको बताउँदै उहाँले जोगिरा नसुनेको पनि झण्डै सात वर्षभइसकेको छ भन्नुभयो । वसन्तऋतुको आगमनसँगै श्रीपञ्चमीदेखि फागुपूर्णिमासम्म मिथिलाञ्चलका घर, गाउँ, टोल र छिमेकमा गाइने यस्तै माधुर्य र प्रेम भाव भएको होली गीत गाउने मानिसको अभावका कारण लोप हुँदै गएको हो । होलीमा गाइने यस्ता गीतलाई 'जोगिरा' भनिन्छ ।

मिथिलाञ्चलमा गाइने यसप्रकारको जोगिराले होलीपर्व खेल्नेबीच सद्भाव, माया र उत्साहका साथै ऊर्जाको सन्देश सञ्चार हुने संस्कृतिविद् किशोरी साहले बताउनुभयो । उहाँले भन्नुभयो, "होलीपर्व र सङ्गीतबीच गहिरो सम्बन्ध हुन्छ । सङ्गीतविनाको होलीको परिकल्पना नै गर्न सकिँदैन । भनिन्छ होलीपर्व मनभित्र रहेको कुण्ठित विचारलाई समाप्त पार्ने पर्व हो ।"

मिथिलानगरपालिका-२ नक्टाझिज बस्ने ७० वर्षीय रामखेलावन महतोले पुर्ख्यौली बाजा मृदङ्ग बजाई फागु गीत जोगिरा गाउन नपाएकामा दुःखी मनले भन्नुभयो, "पहिलेपहिले यस्ता फागु गीत जोगिरा वसन्तऋतुको आगमनसँगै श्रीपञ्चमीदेखि फागुपूर्णिमासम्म गाउँगाउँ, टोलटोल घुमेर फागुपर्वको आगमन भएकाबारे गीत गाएर जानकारी दिने परम्परा थियो तर अहिले गीत गाउने बूढापाकाको कमी भएका कारण न त त्यतिमात्रामा ढोल मृदङ्ग नै बज्छ, न त फागु गीत नै गाइन्छ ।"

"यसपालीको होली नजिकै आइसक्यो, न डम्फू बज्छ न जोगिराका स्वर नै सुनिन्छन् !", वर्षौंदेखि जोगिरा गाउँदै आएका क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर कुचाइटोलका ७२ वर्षीय रामसागर ठाकुरले बताउनुभयो । उहाँले भन्नुभयो, "मेरा समूहका धेरै साथीको मृत्यु भइसक्यो, कोही बुढा भएर थलिएका छन्, अझै गाउने त रस छ, तर साथ दिने कोही छैनन् ।" वसन्त पञ्चमीसँगै होली 'फागु' पर्वको सन्देश छर्ने जोगिरा (फागु गीत) अब सुनिन छाडेपछि धनुषासहितका मिथिलाञ्चल क्षेत्रको यो पुरानो संस्कृति लोप हुने स्थितिमा पुगेको छ ।

**ठाकुरले आफ्नै शैलीमा जोगिरा सुनाउनुभयो-**

'किनका के हाथ कनकपिचकारी,
किनका के हाथ अबिर झोरी ?
रामजी के हाथमें कनकपिचकारी,
सियाजी के हाथअबीर झोरी !
जोगिरा..सररर..!!'

(कसको हातमा सुन जडित पिचकारी (लोला) छ र कसको हातमा अबिरको झोला ? रामजीको हातमा सुन जडित पिचकारी छ र सीताजीको हातमा अबिरको झोला) पौराणिक गाथाका विषयवस्तु, भक्ति, ख्यालठट्टा, प्रेमयुक्त र रस मिसिएका मैथिली भाषामा गाइने जोगिरा अब मिथिलाञ्चलमा सुनिन छाडेका छन् ।

होलिया (फागु गीत गाउने गायक) का स्वरमा घरभित्र लुकेर बसेकी नवयौवना मिथिलानीलाई उकुसमुकुस बनाउने र सबै सामाजिक पर्दा उघारेर बाहिर नाच्न आउँआउँ लाग्ने जोगिरा लोप हुँदै गएपछि फागु पर्वको सौन्दर्य स्वात्तै घटेको पुराना होलिया बताउँछन् ।

सामाजिक छुवाछुत, जातपात र भिन्नभिन्न धर्म संस्कृतिप्रति परहेज गर्ने पनि एक अर्कोलाई अङ्कमाल गर्दै सामाजिक सद्भाव र समानताको सन्देश दिन रमाउने परम्पराको होली पर्व मिथिला संस्कृतिको धरोहर मानिन्छ । यसको सौन्दर्यको महत्वपूर्ण अङ्ग जोगिरा लोप हुँदै गएर अब 'डिजे' बज्न थालेपछि मैथिली मौलिकता हराउँदै गएको नेपाल पत्रकार महासङ्घ मधेस प्रदेशका अध्यक्ष राजेश कर्णले चिन्ता व्यक्त गर्नुभयो ।

ख्यालठट्टा गरिने नाताबीचका नवयौवनामात्र नभई होलियाबीच नै ठट्टा गर्ने जोगिराको कटाक्ष पनि कम मनोरञ्जक छैन । मिथिलाञ्चलमा वसन्तपञ्चमीदेखि होलीगीत (जोगिरा) सुरु भएर मिथिला माध्यमिकी परिक्रमाको सातौं दिन महोत्तरीको भङ्गाहा नगरपालिका-९ कञ्चनवनमा यात्रीले एकापसमा रङ अबिर खेलेपछि होलीपर्व मनाउन थालिने परम्परा छ । त्रेतायुगमा भगवान् र सीताले यहाँ होली खेलेको धार्मिक विश्वास रहिआएको छ ।

जनकपुरधाम- १२ का सतीशलाल कर्णले भन्नुभयो, "होली गीतमा पहिले कामोत्सवको मर्म, धार्मिक र आधुनिक विशिष्टता, जीवनको उमङ्ग, ऊर्जा, संस्कृतिको प्रकाश, परम्पराको आधार, पिरति तथा उन्मुक्ति थियो तर अब उच्छृङ्खल गीत आएकाले होलीमा माधुर्य र प्रेमभाव मिसिएको गीत विरलै सुन्न पाइन्छ ।" दोहोरी गीत झैं गाइने जोगिरा र होलीका गीतका कारण तराई-मधेसका हरेक गाउँको वातावरणमा एक किसिमको रौनक छाएको हुन्थ्यो तर ती गीत भने अहिले लोप हुने अवस्थामा पुगेका छन् । भित्री ग्रामीण क्षेत्रमा कुनैकुनै गाउँ घरमा मात्र यस्तो जोगिरा सुन्न पाइन्छ ।

क्षिरेश्वरनाथ-७ हरिहरपुरका रामलाल महतोले भन्नुभयो, "होलीको पौराणिकता अब हराइसकेको छ । दिनहुँजसो हुने झैझगडा, रागद्वेषका कारण होली गीत गाउन नै छाडिएको छ । होलीको तर्क, दर्शन, लौकिकतालाई गम्भीरतापूर्वक नलिइएकाले अहिलेको होलीमा सङ्कीर्णता छाएको छ । पहिलेपहिले बूढापाकाले रात परेपछि गाउँका बीचमा रहेको चौपालमा झ्याल, मृदङ्ग, ढोल, डम्फा र तुरही लिएर समूहगतरुपमा होली गीत जोगिरा गाउने गरेको सखुवा बजारका ६८ वर्षीय सत्यनाराण साहले बताउनुभयो । अब त्यो समय हराएर गएको छ ।

अधिकांश युवा कामका लागि खाडी मुलुक गएकाले होली गीत हराउँदै गएको बताउँदै धनुषाधाम नगरपालिका पर्वताका अमरलाल कर्णले भन्नुभयो, "अबको होली प्रेम र सद्भावको नभएर वैमनस्यता पूर्णतामा पुगेको छ । भाङको ठाउँमा रक्सी, प्रेम र सद्भावको ठाउँमा रागद्वेष देखा परेकाले अबको होलीको पौराणिकता र माधुर्य हराउँदै गएको छ ।"

धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले अति महत्वपूर्ण रहेको

*बाँकी तीन पृष्ठमा*

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी पाकेको गोबर मल पयोग गने वा १ ७ के.जी.डि ए.पी र १ के.जी यूरियापति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिंगरलिङ्गको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रनिधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार बिहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु<br>नैनि | पानीको मध्य भागदेखी पिंध सम्म<br>पानीको पिंधभागमा | डट्रिटस, दाना<br>सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

वा

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. तोरीको चोकर : १४.५% ५. माछाको सिदा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोबाईल नं ९८५२८२०९३५

# तराई मधेशमा महङ्गी बढ्यो

काठमाडौँ, २७ फागुन (रासस)।

तराई मधेशको क्षेत्रमा सबैभन्दा बढी मूल्यवृद्धि भएको पाइएको छ। सुगम र सहज यातायात सञ्जाल, स्रोत तथा साधनको उपलब्धता भएपनि तराईमा मूल्यवृद्धिको मात्रामा वृद्धि भएको पाइएको हो। तराईपछि काठमाडौँ उपत्यका र पहाडी क्षेत्रमा क्रमशः मूल्यवृद्धिको मात्रामा वृद्धि भएको पाइएको हो।

नेपाल राष्ट्र बैंकले आज सार्बजनिक गरेको बिबरण अनुसार गत माघ मसान्तसम्म महिनामा काठमाडौँ उपत्यकामा ५.४७ प्रतिशत, तराईमा ६.५० प्रतिशत, पहाडमा ५.३२ प्रतिशत र हिमालमा ५.९७ प्रतिशत मुद्रास्फीति रहेको छ। बिबरणअनुसार २०७७ माघमा यी क्षेत्रमा क्रमश : २.१२ प्रतिशत, २.७८ प्रतिशत, ३.३० प्रतिशत र २.०५ प्रतिशत मुद्रास्फीति रहेको थियो।

यस्तै उपभोक्ता मुद्रास्फीतितर्फ माघ महिनामा बार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५.९७ प्रतिशत रहेको छ। अघिल्लो बर्षको सोही महिनामा यस्तो मुद्रास्फीति २.७० प्रतिशत थियो। समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति छ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ५.९६ प्रतिशत छ।

यस्तै २०७७ माघ महिनाको तुलनामा २०७८ माघ महिनामा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घ्यू तथा तेल, तरकारी र दाल तथा गेडागुडी उपसमूहको मूल्यवृद्धि क्रमशः २०.६८ प्रतिशत, १४.०७ प्रतिशत र ९.३६ प्रतिशत रहेको छ। साथै, गैर-खाद्य तथा सेबा समूह अन्तर्गत यातायात, शिक्षा र फर्निसिङ्ग तथा घरायसी सामग्री उपसमूहको मुद्रास्फीति क्रमशः १५.८७ प्रतिशत, ७.८६ प्रतिशत र ५.९२ प्रतिशत छ।

थोक मुद्रास्फीतितर्फ गत माघ महिनामा बार्षिक बिन्दुगत थोक मुद्रास्फीति १०.३४ प्रतिशत छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ६.१२ प्रतिशत थियो। समीक्षा महिनामा उपभोग्य बस्तु, मध्यवर्ती बस्तु र पुँजीगत बस्तुको थोक मूल्यबृद्धि क्रमशः १२.०९ प्रतिशत, ९.९२ प्रतिशत र ७.०० प्रतिशत रहेको छ। समीक्षा महिनामा निर्माण सामग्रीको थोक मूल्यबृद्धि १६.६१ प्रतिशत रहेको छ।

## *मिथिलाञ्चलमा ...*

होलीले सबै जातजातिलाई प्रभाव पारेको भए पनि होलीको रौनकता नै हराएर गएको छ। फागुपर्ब सबै जातजातिले प्रेम र सद्भावका साथ मनाउँदै आइरहेका छन्। पहिलेका होली गीतमा धार्मिक तथा सद्भावको सन्देश बढी पाइन्थ्यो। अब उच्छृङ्खल गीतका सिडी चक्का बजारमा बढी पाउन थालिएको छ। यस्तो गीतमा अश्लील शब्द बढी भएको सखुवा बजारका रामकृपाल जयसवालको भनाइ छ।

मिथिलाको शहरी क्षेत्रभन्दा ग्रामीण क्षेत्रमा गाइने यस्ता होली गीतमा बिशुद्धरुपमा ग्रामीण होलीको महत्व, त्यस भेगको माटाको मन्दमन्द वासना हुने भएकाले यस्ता गीतको रक्षा गर्नु आजको आवश्यकता रहेको संस्कृतिविद् तथा वरिष्ठ पत्रकार रामभरोस कापडीको भनाइ छ। पौराणिक होली गीतमा बिषयबासना, प्रेमालाप, सीताराम र शिबपार्वतीमा केन्द्रित भएर जोगिरा गीत गाउने परम्परा थियो। अबको होली गीतमा पश्चिमी सभ्यता, उच्छृङ्खलता अश्लीलता जस्ता गीतले कब्जा जमाउन थालेकाले यसको माधुर्य समाप्त हुँदै गएको उहाँले बताउनुभयो।

गाउँघरमा आजभोलि होलीका साँस्कृतिक गीतको साटो भोजपुरी र आधुनिक संस्कृतिले कब्जा जमाउन थालेको छ। वसन्तऋतुको आगमन सँगसँगै वसन्तोत्सव पर्वकारुपमा मनाइने होली पर्वका अवसरमा गाइने जोगिरा लोप हुनथालेकाले यसको संरक्षणतर्फ मिथिला क्षेत्रमा काम गर्ने सङ्घसंस्था अगाडि आउनुपर्ने अर्का संस्कृतिबिद् रमापति चौधरीले बताउनुभयो। होली यस्तो हुनुपर्छ जसमा महिला तथा पुरुष निर्धक्क भएर बाहिर निस्कन सकून्। होलीलाई एउटा यस्तो आदर्श बनाउनुपर्छ कि देश र दुनियाँले होली खेलोस् त मिथिलाबासी जस्तो।

तराई-मधेस क्षेत्रमा होली पर्वमा गाइने जोगिरा गीतको संरक्षणका लागि पछिल्लो केही वर्षदेखि जनकपुरधामस्थित मिथिला नाटच कलापरिषद् (मिनाप)ले गाउँगाउँबाट होलियालाई झिकाएर जोगिरा प्रतियोगिता गराउने गरेको छ।

**यस्तो छ होलीको पौराणिक कथा**

पौराणिक कथाअनुसार सत्ययुगमा राजा हिरण्यकश्यपु ज्यादै अत्याचारी राजा भएकाले आफूलाई देवताभन्दा ठूलो हुँ भन्ने घमण्ड गर्थे। उनका छोरा प्रह्लाद भगवान् विष्णुका परमभक्त थिए। हिरण्यकश्यपुले छोरा प्रह्लादलाई विष्णु भक्तिबाट अलग गराउन होलिकासँगै आगोमा जलाउँदा होलिका डढेर भष्म भइन् भने प्रह्लादलाई केही प्रभाव परेन। सोही परम्परालाई निरन्तरता दिँदै हिन्दू समाजमा फागुण शुक्ल पूर्णिमाको रातमा होलिकाको दहन गरी हर्ष बढाइँ गर्ने चलन रहिआएको छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**



**डा. आदर्श कुमार सिंह**

**Dr. Adarsh Kumar Singh**



MBBS, MD TU
NMC Reg. No. : 9413

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**

गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी

**Phone :** 031-533774 / **Mo. No** : 9819721526, 9852820734


## विश्व समाचार

### युक्रेनमा युद्ध प्रभावितलाई सहयोग गर्न अन्तर्राष्ट्रिय सहयोगको आह्वान

न्यूयोर्क अमेरिका, २७ फागुन, (रासस-एएनआई)।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले युक्रेनको युद्धले प्रभावित सबैलाई सहयोग गर्न आह्वान गर्नुभएको छ। अन्तरर्राष्ट्रिय कानुनको स्पष्ट उल्लङ्घनलाई रोक्न अन्तर्राष्ट्रिय सहयोग र ऐक्यबद्धताको निम्ति पनि उहाँले आह्वान गर्नुभएको हो।

संयुक्त राष्ट्रसङ्घको महासभामा अन्तर्राष्ट्रिय सहयोग अभिबृद्धि गर्ने बैठकमा बोल्दै उहाँले सो कुरा बताउनुभएको हो। रुस-युक्रेन द्वन्द्वलाई उद्धत गर्दै गुटेरेसले शान्ति सबैभन्दा महत्त्वपूर्ण बिश्वब्यापी सार्बजनिक हित भएको र यसलाई सहयोग पुऱ्याउन संयुक्त राष्ट्र सङ्घको स्थापना भएको पनि गुटेरेसले बताउनुभएको छ।

### भारतीय क्षेप्यास्त्र पाकिस्तानी भूमिमा खसेको दाबी

इस्लामाबाद, पाकिस्तान, २७ फागुन, (रासस-एएनआई)।

पाकिस्तानी सशस्त्र सेनाले भारतीय क्षेप्यास्त्र आफ्नो भूमिमा खसेको दाबी गरेको छ। स्पुतनिक समाचार एजेन्सीले भारतको हरियाणा राज्यको सिरसा शहर नजिकको इलाकाबाट प्रक्षेपण गरिएको सो क्षेप्यास्त्र पाकिस्तानको पञ्जाब प्रान्तको मियाँ चान्नु शहर नजिकै पाकिस्तानी बायुसेनाले भेट्याएको बताएको छ। साँझ ६:४३ बजे उच्च गतिको उडान भर्दै गरेको सो क्षेप्यास्त्र सेनाले पत्ता लगाएको थियो।

रुसी समाचार एजेन्सीले पाकिस्तानी सशस्त्र सेनाका प्रबक्तालाई उद्धृत गर्दै बताएअनुसार सो क्षेप्यास्त्रले आफ्नो प्रारम्भिक मार्गबाट अचानक पाकिस्तानी क्षेत्र तर्फ उडेको र पाकिस्तानको एयर स्पेस उल्लङ्घन गरेको थियो। तर पाकिस्तानको सो दाबीप्रति भारतले अहिलेसम्म कुनै प्रतिक्रिया दिएको छैन।

### कोभिडको खोपमा सबैको पहुँच र अधिकार रहेको संयुक्त राष्ट्रसङ्घको भनाइ

संयुक्त राष्ट्रसङ्घ, २७ फागुन (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसंघले कोभिड-१९ को रोकथामका लागि कोभिड बिरुद्धको खोप सबैलाई उपलब्ध हुनुपर्ने बताएको छ। संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषदको बिहीबारको बैठकले सो कुरामा जोड दिएको हो। सो परिषदमा आयोजित अर्को एक अन्तरक्रिया कार्यक्रममा कोभिडका बिरुद्धमा हाल उपलब्ध रही आएको यो खोप बिश्वका सबै देशमा उत्तिकै रुपमा पहुँचयोग्य र उपलब्ध हुनुपर्नेमा जोड दिइएको हो।

संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषदका प्रमुख माइकल ब्याकलेटले भन्नुभयो- यो खोप सबै नागरिकले प्राप्त गर्न पाउने अधिकारबाट कोही पनि बञ्चित हुनुहुदैन। सबै नागरिकलाई कोभिडको खोप उत्तिकै उपलब्ध हुनुपर्ने आबश्यकता छ। कोभिडको नियन्त्रण र व्यवस्थापनमा विश्वका सरकारहरुका प्रयासका बारेमा पनि सो बैठकमा छलफल भएको थियो। विश्वका सरकारहरुले यसका लागि संयुक्त प्रयास र कार्ययोजना हुनु जरुरी रहेको बताइएको थियो।

हाल महामारी रोकथामका लागि भइरहेको राजनीतिक र प्रशासनिक प्रयासमा प्राविधिक विशेषज्ञहरुको विज्ञतालाई थप महत्व दिई महामारी नियन्त्रणको अभियान अघि बढाउनु जरुरी रहेको पनि सो बैठकमा बताइएको थियो। कोभिड-१९ रोकथाममा संलग्न सरकारका निकाय, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, स्वयंसेवी, सामाजिक अभियानकर्मी, सेवाकर्मीले अनवरतरूपमा दुवै चरणको संक्रणमा आफ्ना तर्फबाट सेवा पुऱ्याएको सो अवसरमा बताइएको थियो।

यस्ता कार्यलाई प्रोत्साहन गर्न सरकारबाट विशेष पहलकदमी लिन जरुरी रहेको उल्लेख गर्दै रोकथाममा संलग्नहरूको स्वास्थ्य र सुरक्षाबारे थप संवेदनशील हुनसमेत सो बैठकले विश्वका देशहरुलाई आग्रह गरेको थियो।

### पुटिनद्वारा युक्रेनमा स्वयंसेवी लडाकु पठाउने योजनालाई समर्थन

मस्को, २७ फागुन, (रासस- एएफपी)।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले शुक्रबार स्वयम्सेवकहरूलाई युक्रेनमा लड्न अनुमति दिने योजनालाई समर्थन गर्नुभएको छ। उहाँले युक्रेनमा जारी युद्ध-कारबाहीलाई "विशेष सैन्य कारबाही" भन्नुभएको छ। "यदि तपाईंले स्वैच्छिक आधारमा (पूर्वी युक्रेनका पृथकतावादीहरूलाई मद्दत गर्न) चाहने मानिसहरू देख्नुभयो भने, तपाईंले उनीहरूलाई आधा बाटोमा भेट्नुपर्छ र उनीहरूलाई लडाईं क्षेत्रहरूमा जान मद्दत गर्नुपर्छ," पुटिनले रक्षामन्त्री सर्गेई शोइगुदुरलाई भन्नुभयो।

# प्रदेश स्तरीय क्रिकेटको आयव्यय सार्वजनिक

**दैनिक समाचारदाता**
**राजविराज, २७ फागुन ।**

प्रदेश क्रिकेट संघ प्रदेश नं. २ सँगको समन्वय तथा सप्तरी क्रिकेट संघको आयोजनामा सप्तरीको राजबिराजमा आयोजना भएको प्रधानमन्त्री कप प्रदेश स्तरीय छनौट पुरुष तथा महिला क्रिकेट प्रतियोगिताको आय व्यय सार्बजनिक गरिएको छ ।

राष्ट्रिय खेलकुद परिषदको सहयोग तथा नेपाल क्रिकेट संघको आयोजनमा काठमाण्डौमा जारी प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताको लागि सप्तरीको राजबिराजमा मंसिर २० देखि २५ गतेसम्म संचालित प्रदेश स्तरीय महिला छनौट प्रतियोगिता अर्न्तगत प्रदेश क्रिकेट संघबाट प्राप्त रकम ३ लाख मध्ये सप्तरी क्रिकेट संघले कुल ५ लाख ११ हजार ३ सय ६४ खर्च गरेको संघका अध्यक्ष, सचिब तथा कोषाध्यक्षद्धारा जारी बिज्ञप्तीमा उल्लेख छ ।

जारी बिज्ञप्तीमा महिला छनौट अर्न्तगत खानामा १ लाख ७८ हजार ६ सय ५०, खाजा अर्न्तगत ३६ हजार ५ सय आवास अर्न्तगत ९८ हजार, अफिसियल परिचालन अर्न्तगत ८७ हजार, स्वयंसेवक परिचालन १६ हजार ४ सय ५०, मैदान व्यवस्थापन (टेन्ट सभियाना खेल मैदान लगायत) २८ हजार ७ सय १७, यातायात अर्न्तगत २७ हजार ५ सय ६०, अतिथी सत्कार १४ हजार ५ सय ७०, बिविध अर्न्तगत बल, बिकेट फोटोकपी, चुना, मार्किंग टेप लगायतको खर्च जम्मा २३ हजार ९ सय १७ खर्च देखाइएको छ ।

त्यसै गरि पुरुष अर्न्तगत पौष १४ गते देखि २१ गते सम्म संचालित प्रतियोगिताको लागि प्रदेश क्रिकेट संघबाट प्राप्त ४ लाख ८० हजार मध्ये सप्तरी क्रिकेट संघले ८ लाख ५३ हजार ६ सय १७ रुपैया खर्च गरेको छ ।

जस अर्न्तगत खाना खर्च २ लाख ९९ हजार ७ सय ५०, खाजामा ४९ हजार ८ सय ७०, आवासमा १ लाख ६९ हजार ७ सय ८०, अफिसियल परिचालनमा १ लाख १९ हजार ५ सय, स्वयंसेवकमा २६ हजार ५ सय, मैदान व्यवस्थापन अर्न्तगत टेन्ट, सभियाना तथा खेल मैदान लगायतमा ३७ हजार ६ सय, यातायातमा ६७ हजार ६ सय ७०, अतिथी सत्कारमा ४१ हजार ५ सय १५ तथा बिबिध अर्न्तगत बल, बिकेट, फोटोकपी, चुना, मार्किंग टेप लगाययको खर्चमा ४१ हजार ४ सय ३२ रुपैया खर्च गरिएको जारी बिज्ञप्तीमा जनाइएको छ ।

जारी बिज्ञप्तीमा आयोजनामा सहयोग गर्ने सवैमा धन्यवाद दिदै राष्ट्रिय खेलकुद परिषद, नेपाल क्रिकेट संघ, प्रदेश क्रिकेट संघ प्रदेश नं. २ तथा जिल्ला खेलकुद बिकास समिति सप्तरीलाई समेत धन्यवाद ब्यक्त गरेको छ ।

# समस्याको निकास दिन आयोग हरसम्भव प्रयास गर्छ : प्रमुख थपलिया

काठमाडौँ, २७ फागुन (रासस) ।

आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा उम्मेदवारले गर्ने खर्च सीमा र निर्वाचन आचारसंहिता कडाइका साथ लागू गर्न निर्वाचन आयोगलाई सुझाव दिइएको छ ।

आयोगका पदाधिकारीका साथै सङ्घ, प्रदेश तथा स्थानीय तहमा प्रतिनिधित्व गर्ने १७ राजनीतिक दलका पदाधिकारीबीच शुक्रबार भएको छलफलमा खर्च र आचारसंहिता लागू गर्ने सन्दर्भमा आयोगले सशक्त भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ ।

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र कम खर्चलो तुल्याई लोकतन्त्रको सुदृढीकरण गर्न आयोगको महत्वपूर्ण भूमिका रहने हुँदा राजनीतिक दलले निर्वाचन घोषणापत्रमा उल्लेख गरेका विषयबस्तु कार्यान्वयन भए/नभएबारे अनुगमन गर्ने समयन्त्र हुनुपर्नेमा पनि जोड दिइएको छ ।

निर्वाचनलाई विश्वासनीय र भरपर्दो तुल्याउन व्यक्ति हेरेर नभई ऐन र कानुनका आधारमा कदम चाल्न सुझाव दिँदै दलका प्रतिनिधिले पैसा खर्च गर्न सक्नेलाई मात्र उम्मेदवार बनाउने गलत प्रवृत्तिलाई रोक्न आयोगको प्रभावकारी भूमिका हुनसक्ने अपेक्षा गरेका थिए ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले केन्द्र, प्रदेश र जिल्लाबाट अनुगमन गर्ने संयन्त्रको व्यवस्थासहित प्रस्ताव गरिएको निर्वाचन आचारसहिता स्वीकृतिका लागि कानुन मन्त्रालयमा पठाइसकिएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “निर्वाचन आचारसंहिता खुट्टा नकमाई कार्यान्वयन गरिनेछ, मतदाता नामावलीमा नाम दर्ता गराएका र मतदानका लागि लाइनमा बसेकालाई मतदान गर्ने व्यवस्था मिलाइनेछ । स्थानीय तहको निर्वाचनका लागि आयोगले छ हजार ७४३ प्रकारका मतपत्र डिजायन गरेको छ ।”

समय अभावका कारण उम्मेदवारको पूर्वअनुमान गरी मतपत्र व्यवस्थापन गर्न लागिएको बताउदै प्रमुख निर्वाचन आयुक्त थपलियाले राष्ट्रिय दलको मान्यता प्राप्त नभएका दलले उठाउँदै आएको निर्वाचन चिह्नसम्बन्धी माग र समस्याको निकास दिन आयोगले हरसम्भव प्रयास गर्ने बचन दिनुभयो ।

निर्वाचन घोषणापछि हालसम्म आयोगबाट भए गरिएका काम, कारबाही र गतिविधिबारे आयोगका प्रवक्ता शालीग्राम शर्मा पौडेलले जानकारी दिँदै राजनीतिक दलबाट गरिएको अपेक्षाबारे आयोगको ध्यानाकर्षण भएको बताउनुभयो ।

# अव्यवस्थित बसोबासीलाई आवेदन गर्न भूमि आयोगको आह्वान


काठमाडौँ, २७ फागुन (रासस) ।

राष्ट्रिय भूमि आयोगले भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई ३५ दिनभित्र आवेदन गर्न आह्वान गरेको छ ।

लामो समयदेखि थाँती रहेको भूमिहीन दलितका समस्या यथाशक्य चाँडो समाधान गर्न आयोगले आवेदन आह्वान गरेको हो । आयोगले ४१ जिल्लाका १५९ स्थानीय तहमा रहेका भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई सम्बन्धित स्थानीय तहबाट निवेदन दिन आग्रह गरेको हो ।

प्रदेश १ का मोरङ, तेह्रथुम, सुनसरी, झापा, पाँचथर, ताप्लेजुङ, धनकुटा र भोजपुर, मधेस प्रदेशका रौतहट, धनुषा, सर्लाही, बारा, पर्सा, सिरहा र महोत्तरी तथा बागमती प्रदेशका मकवानपुर, सिन्धुली, धादिङ, नुवाकोट, ललितपुर र चितवनका भूमिहीनलाई निवेदन दिन आग्रह गरिएको छ ।

यसैगरी गण्डकी प्रदेशका तनहुँ, नवलपरासी (बर्दघाट सुस्तापूर्व), बागलुङ र कास्की, लुम्बिनी प्रदेशका नवलपरासी (बर्दघाट सुस्तापश्चिम), पाल्पा, रुपन्देही, कपिलवस्तु, अर्घाखाँची, गुल्मी, बाँके, बर्दिया र दाङ, कर्णाली प्रदेशका सल्यान, रुकुम पश्चिम र सुर्खेत तथा सुदूरपश्चिम प्रदेशका कञ्चनपुर, कैलाली, डडेल्धुरा र बैडतीका तोकिएका स्थानीय तहमा रहेका सुकुम्बासीले निवेदन दिनुपर्ने आयोगले जनाएको छ ।


अनुरोधकर्ता : बलान बिहुल गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

मुटुलगायत स्वास्थ्य समस्यावाट बच्न

- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान मद्यपान नगरौं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं,
- शारिरीक व्यायमलाई निरन्तरता दिऔं,
- मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं,

आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*